# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०९।२४ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

विशेष अदातल, काठमाडौंमा दर्ता भएको मुद्दा नं. ०८२-CR-००१० मा वादी नेपाल सरकार प्रतिवादी बरिष्ठ वन अधिकृत पूर्ण शंकर यादव भएको घुस/रिसवत लिई भ्रष्टाचार गरेको मुद्दामा सरकारी साक्षीहरु प्रेम सिंह ठगुन्ना र किसन सिंह साउदले अदालत समक्ष वकपत्र गर्दा आयोगमा गरेको बयान भन्दा व्यहोरा तथा तथ्यसमेत फरक हुने गरी प्रतिकूल बकपत्र गरेकोले निजहरु उपर अनुसन्धान हुन भन्नेसमेत व्यहोराको प्राप्त उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रतिवादी पूर्ण शंकर यादवसमेत रहेको विशेष अदालत, काठमाडौंमा दर्ता भएको घुस/रिसवत लिई भष्टाचार गरेको मूल मुद्दा नं.०८२-CR-००१० को मुद्दामा सरकारी साक्षीको रुपमा पेस गरिएका प्रतिवादीहरु **जिल्ला कैलाली, चुरे गाउँपालिका वडा नं. ६ बस्ने प्रेम सिंह ठगुन्ना र जिल्ला कैलाली, गोदावारी नगरपालिका वडा नं. २ बस्ने किसन सिंह साउद**लाई सरकारी साक्षीको रुपमा पेश गरिएकोमा निजहरुले विशेष अदालत, काठमाडौंमा उपस्थित भई मिति २०८२/०८/२५ गतेका दिन बकपत्र गर्दा अनुसन्धान अधिकृत समक्ष गरेको वयान प्रतिकूल हुने गरी बकपत्र गरेको पुष्टी हुन आएकोले प्रतिवादीहरु प्रेम सिंह ठगुन्ना र किसन सिंह साउदले बरिष्ठ वन अधिकृत पूर्ण शंकर यादवलाई नगद रू.७,३१,०००।- घुस/रिसवत दिएको कार्य कसुर (Actus Reus) पुष्टि भएको हुँदा निजहरुले विशेष अदालत, काठमाडौंमा बकपत्र गर्दा प्रतिवादी पूर्ण शंकर यादव र प्रतिवादीहरु प्रेम सिंह ठगुन्ना एवं किसन सिंह साउद बीच गैरकानूनी स्वार्थ तथा लाभ लिने दिने उद्देश्यले पछिबाट सम्बन्ध सम्पर्क भएकै कारण समेतबाट मुद्दाको अनुसन्धानका क्रममा दिएको उजुरी बयान र कसूर तथा सजायमा छुट सुविधा प्राप्ति भएपछि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ को प्रतिबन्धात्मक बाक्यांश बमोजिमको उक्त सुविधा तथा छुटको शर्त विपरीत हुने गरी फरक तथा झुट्टा व्यहोरा लेखाई प्रतिकूल बकपत्र गरेको हुँदा प्रतिवादीहरु **प्रेम सिंह ठगुन्ना र किसन सिंह साउद**को उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर भएकोले निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा **३** को उपदफा **(३)** ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो रु.७,३१,०००।—(सात लाख एकतीस हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१क) बमोजिम घुस/रिसवत जफत हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने